# बोगटान फुड्सिल गाउँपालिका
## (Bogatan Phudsil Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
## (Office of Rural Municipal Executive)

आ.व. :- २०८२/०८३
Fiscal Year:- 2082/083
च.न. :-
Ref. No.

सुदूरपश्चिमप्रदेश, नेपाल
Sudurpashchim Province, Nepal
चवराचौतारा, डोटी
Chawarachautara, Doti

बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**विषय: विपद् सम्बन्धी विवरण संकलन तथा उपलब्ध गराउने बारे अत्यन्त जरुरी सूचना।**

**मिति २०८३/०२/०४**

यस **गाउँपालिका** क्षेत्र भित्र **मिति २०८३/०१/३०** गते गएको हावाहुरीका कारण सृजित विपदबाट स्थानीय नागरिकहरूको निजी आवास, पशुधन, कृषि बाली, तथा सार्वजनिक भौतिक संरचनामा पुग्न गएको क्षतिको विवरण संकलन गर्ने कार्य भइरहेको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन बमोजिम पीडित परिवारहरूलाई तत्काल राहत, पुनःस्थापना, तथा पुनर्निर्माणका कार्यक्रमहरूमा समावेश गर्नका लागि आधिकारिक र वास्तविक तथ्यांक आवश्यक पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ।

तसर्थ, **मिति २०८३/०२/०४** गतेको यस गाउँपालिकाको विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् विवरण संकलन गर्न कार्यदल गठन गरीएको र उक्त कार्यदलले **मिति २०८३/०२/०५ र ६** गते सम्पूर्ण वडामा स्थलगत अनुगमन गरी विवरण संकलन गर्ने भएकोले सम्मपूर्ण गाउँवासी महानुभावहरूले उक्त प्रकोपबाट क्षति पुगेका आफ्नो क्षति विवरण देहाय बमोजिमका कागजात सहित उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ।

**१. संकलन गरिने विवरण र आवश्यक कागजातहरू:**

- घरमूलीको नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो २ प्रति।
- निजी आवास (पूर्ण वा आंशिक क्षति), गोठ, वा व्यावसायिक संरचनाको विवरण र क्षतिको तस्बिर।
- क्षतिग्रस्त संरचना रहेको जग्गाको जग्गाधनी प्रमाणपूर्जा (लालपूर्जा)को प्रतिलिपि वा वहाल कर तिरेको रसिदको प्रतिलिपि।
- कृषि बाली वा पशुधन नष्ट भएको भए सोको विस्तृत विवरण।
- घटना घटेको सम्बन्धित वडा कार्यालयको सिफारिस वा स्थानीय प्रहरी चौकीको प्रतिवेदन।

**थप जानकारीका लागि सम्पर्क:**

विपद् व्यवस्थापन शाखा: फोकल पर्सन **नवराज जोशी** (९८०१४७१८४०)

पदम राज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

**पदमराज अवस्थी**
**प्रमुख प्रशासकीय अधिकृत**

अध्यक्ष☎९८६८५६९६९७,उपाध्यक्ष ☎९८४८४०८४७०,प्रमुख प्रशासकीय अधिकृत☎९८९८०३५५१५,सूचना अधिकारी☎९८६५७४१६८७
ईमेल:icto.bogatanmun@gmail.com/info@bogatanmun.gov.npवेवसाइट :www.bogatanmun.gov.np

CamScanner